# ताँजाकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चाखुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०८२।०८३
चलानी नं. ९५८

मिति २०८२।०७।०९

श्री वडा कार्यालय सबै
ताँजाकोट गाउँपालिका हुम्ला

विषयः निर्णय कार्यावन्वयन गर्ने/गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार अर्थ मन्त्रलायको प. सं २०८२।०८३ (बजेट) च. नं ११८ मिति २०८२।०६।०७ गतेको पत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलायको प. सं २०८२।०८३ च. नं ११३ मिति २०८२।०६।०८ गतेको प्राप्त पत्र बमोजिम आयोजनाको प्राथमिकीकरण र पुजिगत खर्च व्यवस्थापन सम्बन्धि पत्रको बुदा नं २ बमोजिम रु १० लाख भन्दा बढिका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन नगर्ने /नगराउने भन्ने कुरा उल्लेख भएकोले सोही बमोजिम गर्नु गराउनु हुन साथै यस कार्यालय र उपभोक्ता समिति बीच मिति २०८२।०६।०८ गते अगाडि सम्झौता गरिएका १० लाख भन्दा बढिका योजनाहरु अर्को निर्णय नभएसम्मका लागि योजनाको कार्यप्रक्रिया अगाडी नबढाउन अनुरोध छ । साथै सो सम्बन्धि अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रको छाँया प्रति यसै पत्रका साथ संलग्न राखी पठाइएको व्यहोरा जानकारी गरिन्छ ।

नर रावत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ११२

मिति:२०८२।०६।०८

ने.सं. ११४५

श्री प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका (सबै)

नगरपालिका (सबै)

विषयः निर्णय कार्यन्वयन गर्ने/गराउने सम्वन्धमा।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं.२०८२/८३, (बजेट) च.नं.११८, मिति २०८२/६/७ को पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषद्‌वाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निमाण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्वन्धी निर्णय यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

वोधार्थः

श्री अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा

श्री सूचना प्रविधि शाखाः इमेल मार्फत गाउपालिका/नगरपालिकालाई जानकारी गराई वेवसाइटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

Scanned with CamScanner

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०८२/८३ (बजेट)
च. नं.:- ११८

मितिः २०८२/६/७

**विषयः <u>निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा</u>।**

श्री संघीय मामिला महाशाखा

श्री प्रमुख प्रशासकीय अधिकृत,
सबै महानगर/उप महानगर/नगर/गाउँ कार्यपालिकाको कार्यालय

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी देहाय बमोजिम निर्णय भएकोले तहाँ तथा मातहतका निकायहरूमा कार्यान्वयन गर्नको लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु।

<u>देहायः</u>

**क. आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन**

(१) सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने। कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्ने।

(२) नेपाल सरकारबाट सञ्चालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रू.१० लाखभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने। आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने।

(३) निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई रू.१ अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा २ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने।

**ख. खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रहरू**

(१) **भत्ता सम्बन्धमा**

(क) सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने। तर कानून बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म ४२११२१३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

Scanned with CamScanner